| २०७७ बैशाख १ देखि असोज २१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | ४०२ | १०१ | ४४७ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | ३६७ | १०० | ३२५ |
| **२०७७ असोज २१ देखि २२ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | लेक लागेर | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

२१ असोज विहान १०:०० बजेदेखि २२ असोज बिहान १०:०० बजेसम्म

**नेपालमा** आज १ स्थानमा **आगलागी**का घटना घटेको छ । आगलागीबाट **३ लाख ७३ हजार ५ सय रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | १ | ० | ३,७३,५०० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १ वटा घट्ना भएको छ ।
- **बर्दिया**को राजापुर नगरपालिका वडा नं ८ सुकुमबासी टोलस्थित एक कच्ची घरमा बिद्युत लाईन सर्ट भई **आगलागी** हुँदा घर पुर्णरुपमा जली लत्ताकपडा, भाडाबर्तन, गरगहना, अन्नपात, काठपात लगायत गरी **३ लाख ७५ हजार ५ सय रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-२२ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १ र २ भई बहने केही स-साना सहायक नदी जलाधारको केही स्थानमा हल्का- मध्यम बर्षा भई नदीमा बहाब केही बढ्न सक्ने तर सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/

## वर्षाको सारांश

असोज २१ गते बिहान ०८:४५ बजे देखि असोज २२ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२२ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ६५ र स्वचालित: १२२) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (६४.६ मि. मी.) झापा जिल्लाको चन्द्रगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

<u>असोज २२ गते (बिहिबार)</u>

**दिउँसो :** प्रदेश १, प्रदेश २ र बागमती प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशभर आंशिक देखि सामान्य बदली रहि प्रदेश १ का एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

<u>असोज २३ गते (शुक्रबार)</u>

**दिउँसो :** प्रदेश १, प्रदेश २ र बागमती प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १ र बागमती प्रदेशका एक दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशभर आंशिक बदली देखि मौसम सामान्यतया सफा रहनेछ।

_

<u>असोज २४ गते (शनिबार)</u>

**दिउँसो :** प्रदेश १ र प्रदेश २ मा आंशिक बदली र बाँकी प्रदेशहरुमा मौसम सफा रहनेछ। प्रदेश १ र प्रदेश २ का एक-दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशको पहाडी भू-भागहरुमा आँशिक बदली रही बाँकि भूभागको मौसम सामान्यतया सफा रहने छ ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind